
# एयर रिसीभरको संचालन निर्देशिका




पेशागत सुरक्षा तथा स्वास्थ्य शाखा
श्रम विभाग

बोइलर एवं प्रेसर भेसल प्राधिकरण

# संपीडित वायु राख्ने कुनैपनि भाँडोलाई एयर रिसीभर भनिन्छ।

## पञ्जिकरण तथा निरीक्षण

कुनैपनि एयर रिसीभरका मालिकले यसको पञ्जिकरण गराउन यसलाई प्रयोग गर्न चाहेको मितिबाट कमसेकम ३० दिनपूर्व बोइलर एवं प्रेसर भेसल प्राधिकरण (प्राधिकरण) मा आवेदन गर्नुपर्छ। बुझाउनुपर्ने कागजातहरूमा एउटा आवेदन फारम, तथा उत्पादनकर्ताको प्रमाणपत्र र सरकारी मान्यताप्राप्त निरीक्षण निकायले निर्माणअवधिमा एयर रिसीभरका हकमा जारी गरेको निरीक्षण प्रमाणपत्रको एक एक प्रति सामेल गर्नुपर्नेछ। उपरोक्त प्रमाणपत्रको प्रतिलिपिहरू एकजना आधिकारिक निरीक्षकद्वारा प्रमाणित हुनुपर्छ।
आधिकारिक निरीक्षकहरूको सूची श्रम विभाग (LD) को बोइलर एवं प्रेसर भेसल डिभिजन (शाखा) को 3107 3458; अथवा LD को २४-घण्टे हेल्पलाईन 2717 1771 मा फोन गरेर निःशुल्क पाउन सकिन्छ।

## पञ्जिकरण संख्या

एयर रिसीभरको पञ्जिकरण भएपछि, यसलाई दिइएको पञ्जिकरण संख्या तथा सोको अनुमतिप्राप्त अधिक्तम संचालन चापबारे जानकारीसहित LD ले एयर रिसीभरका मालिकलाई तुरन्तै सूचना दिनेछ। पञ्जिकरण संख्यालाई एयर रिसीभरको प्रत्यक्ष देखिने स्थानमा कुँदेर लेख्नुपर्छ र सदा स्पष्ट पढ्न सकिने हुनुपर्छ।

## योग्यताको प्रमाणपत्र

प्रत्येक एयर रिसीभर र यसको कलपुर्जाहरूको एकजना आधिकारिक निरीक्षकद्वारा निरीक्षण गराउनुपर्छ। सुरक्षा भ्याल्भ उचित तवरमा बन्द गरेको तथा योग्यताको प्रमाणपत्र जारी गरिएको अवस्थामा मात्र एयर रिसीभरलाई प्रयोगमा ल्याउन सकिन्छ। एकजना आधिकारिक निरीक्षकले योग्यताको प्रमाणपत्रको दुइवटा प्रति जारी गर्नेछन्। मालिकले एक प्रति एयर रिसीभर जडान भएको परिसरमा राख्नुपर्छ र अर्को एक प्रति शाखामा बुझाउनुपर्छ।

## अपराध तथा सजायहरू

एयर रिसीभरमा संपीडित वायु भण्डार गरिएको अवस्थालाई यसको प्रयोग भएको मानिन्छ। मान्य योग्यताको प्रमाणपत्र बेगर एयर रिसीभर प्रयोग गर्नु एउटा अपराध हो। प्राधिकरणले यसको प्रयोगमा रोक लगाउने आदेश जारी गर्न तथा मालिकलाई सजाय दिलाउनसक्छ।

## एयर रिसीभरको प्रयोगमा ध्यान राख्नुपर्ने कुराहरू

1. जडान गर्ने स्थान

   एयर रिसीभरलाई सफा र राम्रोसित हावा आउने ठाउँमा राख्नुपर्छ, र जमेको पानी र चिसोले गर्दा यसको वरिपरि खिया लाग्ने र क्षय हुनसक्ने हुनाले, यसलाई भुइँमाथि एउटा उपयुक्त जगमा जडान गर्नुपर्छ।

2. प्रयोग नहुँदा

   लामो अवधिका लागि एयर रिसीभरलाई मरम्मत गराउन लानुपर्ने भएमा, रिसीभरलाई राम्रोसित खाली गरेर सफा गरेर एउटा सुख्खा ठाउँमा राख्नुपर्छ।

3. आवधिक निरीक्षण

   प्रत्येक २६ महिनाको अन्तरालमा योग्यताको प्रमाणपत्र पुनः जारी गर्नलाई एकजना आधिकारिक निरीक्षकद्वारा एयर रिसीभरको उचित मर्मत संभार तथा पुनः निरीक्षण गराउनुपर्दछ।

4. ठेगाना परिवर्तन

   पञ्जिकृत एयर रिसीभरको मालिकले, ठेगानामा भएको कुनैपनि परिवर्तनबारे ७ दिनभित्र शाखामा सूचना दिनुपर्छ।

5. बिक्री वा भाडामा लगाउने

   कुनैपनि व्यक्तिलाई एयर रिसीभर बिक्री गरेमा या भाडामा दिएमा पञ्जिकृत एयर रिसीभरको मालिकले, बिक्री गरेको वा भाडामा लगाएको ७ दिनभित्र बिक्री गरेको वा भाडामा लगाएको व्यक्तिको नाम र ठेगानासहित शाखामा लिखित रुपमा सूचना दिनुपर्छ। यदि एयर रिसीभरलाई स्थायी रुपमा जडान गर्ने प्रकारले निर्माण गरिएको भएमा, मालिकले बिक्री वा भाडामा लगाएको कारणले एयर रिसीभर हटाउनु परेको छ वा छैन भन्ने जानकारी पनि शाखामा गराउनुपर्छ। यदि स्थायी रुपमा जडान गर्ने प्रकारले निर्माण गरिएको एयर रिसीभरलाई नयाँ स्थानमा सार्नुपरेको, अथवा यसको व्यापक मरम्मत गर्नुपरेको भएमा, पुनः प्रयोग गर्न सकिन्छ वा सकिदैंन भन्ने पत्ता लगाउने उद्देश्यले यसको जडान र संलग्न पुर्जाहरूसहितै एकजना आधिकारिक निरीक्षकद्वारा यसको पुनः निरीक्षण गराउनुपर्छ।

**सुरक्षा भल्भको लीड सीललाई आधिकारिक निरीक्षक बाहेक कसैले पनि हटाउनु हुनेछैन, अथवा संचालन चाप बढाउने उद्देश्यले सुरक्षा भ्याल्भलाई मिलाउनु हुनेछैन। माथि उल्लेखित वस्तुलाई फेरबदल गर्नाले औद्योगिक सुरक्षाको गम्भिर बेवास्ता हुनेछ। यसद्वारा एयर रिसीभरमा अत्यन्त बढ्ता चाप उत्पन्न हुनसक्छ, जसको फलस्वरुप ज्यान जाने विस्फोट हुनसक्छ।**

## प्रत्येक एयर रिसीभरमा:

1. संपीडकमा हुनसक्ने अधिक्तम चापलाई सुरक्षित रुपमा खप्नसक्ने प्रकारले निर्मित गरिएको हुनुपर्छ अथवा एयर रिसीभरको अनुमतिप्राप्त अधिक्तम संचालन चापलाई बढ्‌न नदिने उपयुक्त रिड्यूसिङ भ्याल्भ वा अन्य उपयुक्त साधन जडान गरिएको हुनुपर्छ;
2. उपयुक्त स्प्रीङ-लोडेड सुरक्षा भ्याल्भ प्रत्यक्ष जडान भएको हुनुपर्छ। एयर रिसीभरमा सुरक्षा भल्भ प्रत्यक्ष जडान नभएको स्थितिमा, एयर रिसीभरमा एउटा उपयुक्त फ्युजिब्ल प्लग जडान भएको हुनुपर्छ;
3. एयर रिसीभरको हावाको चाप कीलोपास्कल (KPa) मा देखाउने उचित प्रेसर गज जडान हुनुपर्छ;
4. एयर रिसीभर खाली गर्ने उपयुक्त साधन जडान भएको हुनुपर्छ;
5. भित्रको भाग पूर्णतया सफा गर्न सकिने प्रकारले उपयुक्त म्यानहोल, ह्यान्डहोल वा अन्य साधनहरू उपलब्ध हुनुपर्छ;
6. एक भन्दा बढी एयर रिसीभरहरू प्रयोग भएको अवस्थामा, प्रष्ट देखिने र छुट्याउन सकिने चिन्ह लगाएको हुनुपर्छ; तथा
7. एयर रिसीभरको अनुमतिप्राप्त अधिक्तम संचालन चाप र अन्तिम पटक निरीक्षण भएको मिति प्रष्ट देखिने प्रकारले यसमा अंकित गरिएको हुनुपर्छ।

## सोधपुछ:

एयर रिसीभरको मालिकले बोइलर एवं प्रेसर भेसल अध्यादेश (क्याप ५६) को प्रावधान तथा सोसित सम्बन्धित नियमावलिहरूको पालना गर्नुपर्छ। अध्यादेश तथा नियमावलिहरूबारे तपाईंले आधिकारिक निरीक्षकसित सम्पर्क गर्न सक्नुहुन्छ। तपाईंले कुनै सोधपुछ गर्नुपरेमा, कृपया श्रम विभागको बोइलर एवं प्रेसर भेसल शाखामा सम्पर्क गर्नुहोस्।

### बोइलर एवं प्रेसर भेसल शाखा

टेलिफोन नम्बर : 3107 3458
फ्याक्स नम्बर : 2517 6853
इमेल : enquiry@labour.gov.hk

## उजुरी

यदि असुरक्षित कार्यस्थल तथा अभ्यासहरूबारे तपाईंको कुनै उजुरीहरू भए, कृपया श्रम विभागको पेशावर सुरक्षा तथा स्वास्थ्य उजुरी हटलाईन 2542 2172 मा फोन गर्नुहोस्।

यो संचालन निर्देशिका अंग्रजीबाट अनुवाद गरिएको हो। यदि नेपाली संस्करण तथा अंग्रेजी संस्करणमाझ कुनैपनि अमेल वा सन्दिग्धता उत्पन्न भएमा, अंग्रजी संस्करणलाई मान्नुपर्नेछ। यदि तपाईंलाई यस संचालन निर्देशिकाको अंग्रजी संस्करण चाहिएमा कृपया श्रम विभागको बोइलर एवं प्रेसर भेसल शाखामा सम्पर्क गर्नुहोस्।



श्रम विभागद्वारा प्रकाशित
सरकारी लजिस्टिक्स विभागद्वारा मुद्रित
Nepali version
5/2012-1-BPVL2n